नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ३ र ४ बमोजिम

# प्रकाशित त्रैमासिक विवरण

## आ.व.२०८२/८३ मा २०८३ वैशाख १ दखि २०८३ असार मसान्तसम्म

## सम्पादित प्रमुख क्रियाकलापहरु

प्रतिवेदन प्रकाशन मितिः २०८३ श्रावण १५

प्रतिवेदन तयार गर्नेः जिल्ला समन्वय समितिको कार्यालय, धादिङ।

# विषयसूची


१. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृति ........ १

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार ........ ३

३. जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या ........ ४

४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवा ........ ५

५. जिल्ला समन्वय समितिका शाखा र जिम्मेवार अधिकारी ........ ७

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ९

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी ........ ११

८. निवेदन उपर उजुरी सुन्ने अधिकारी ........ ११

९. जि.स.स.द्धारा सम्पादित मुख्य कार्यहरुको विवरण ........ १२

१०. सूचना अधिकारीको विवरण ........ १५

११. ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची ........ १५

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ... १६

१३. जिल्ला समन्वय समितिको वेभसाईट ........ १८

१४.जिल्ला समन्वय समिति, धादिङद्धारा सम्पादित कार्यहरु सम्बन्धित केही तस्वीरहरु ........ १९

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

## १. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृति

नेपालको संविधानको धारा ५६(१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने उल्लेख गरिएको छ। उक्त धारा ५६ को दफा ४ बमोजिम स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहेका छन्। जिल्ला भित्रका स्थानीय तहहरुका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष जिल्ला सभाका सदस्य रहन्छन्। उक्त सभाको सदस्यले गाउँ सभा वा नगर सभा सदस्यहरुमध्ये बाट एक प्रमुख, एक उपप्रमुख, कम्तीमा तीन महिला र कम्तीमा एक दलित वा अल्पसंख्यक समुदायको व्यक्तिसहित बढीमा नौ सदस्यीय जिल्ला समन्वय समिति निर्वाचित गर्छन् ।

सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रमा कानून, बजेट, नीति तथा योजना बनाउन सक्छन् तथापि स्थानीय तह मानिएको जि.स.स.लाई कानून बनाउने अधिकार संविधानले दिएको छैन । नेपालको संविधानको धारा २२० उपधारा ७ बमोजिम जिल्लासभाको अधिकार क्षेत्रलाई निम्नानुसार उल्लेख गरिएको पाइन्छ ।

१. जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

२. विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

३. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

४. प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मका लागि भनी थप काम, कर्तव्य र अधिकार निम्नानुसार उल्लेख गरेको छ ।

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय

सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने।

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## जिल्ला समन्वय समितिको कार्यालय

## धादिङ, धादिङवेशी

### २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

नेपालको संविधान, २०७२ को धारा २२० बमोजिम गठन हुने जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यसम्पादन जिल्ला समन्वय समितिले गर्ने भन्ने उल्लेख छ। संविधानमा उल्लेख भए अनुसार जिल्ला सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ।

१. जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

२. विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

३. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

४. प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने।

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

## ३. जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या

(क) कर्मचारी सङ्ख्या

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरबन्दी | मौजुदा दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प. द्वितीय | प्रशासन | सा. प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा. प्र. | १ | १ | |
| ३ | ईन्जिनियर | रा.प. तृतीय | ईन्जिनियरिङ | सिभिल | १ | १ | |
| ४ | नायब सुब्बा | रा.प. अन. प्रथम | प्रशासन | सा. प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प. अन. प्रथम | प्रशासन/ लेखा | लेखा | १ | १ | |
| ६ | सब-ईन्जिनियर | रा.प. अन. प्रथम | ईन्जिनियरिङ | सिभिल | १ | ० | रिक्त |
| ७ | खरिदार | रा.प. अन. द्वितीय | प्रशासन | सा. प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सा.प्र. | ३ | ३ | |
| ९ | ह.स.चा. | श्रेणीविहीन | ईन्जिनियरिङ | मेकानिकल | २ | २ | |
| करार सेवा प्रयोजन | | | | | | | |
| १० | स्वकीय सचिव | रा.प. अन. प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| | जम्मा | | | | १३ | १२ | |

## ४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवा

### (क) शाखागत कार्यविवरण

### ४.१. व्यवस्थापन शाखा

- जिल्लाको समग्र विकास नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगर मार्फत कार्यान्वयन गर्न सहजीकरण गर्ने
- दुई वा सो भन्दा बढी स्थानीय तहहरु बीचका गौरव तथा रणनीतिक महत्वका आर्थिक, सामाजिक, पर्यटन तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवं परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुमा गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,
- जिल्लाभित्रका दुई वा सोभन्दा बढी स्थानीय तहहरुबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाहरुको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,
- संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच र जिल्लामा कार्यरत गैर सरकारी एवं सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मुल्याङ्कन, प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी अध्ययन, अनुषन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीच त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत, समुदायगत, विषयगत, क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन अनुषन्धान एवं अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

- जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्यय गर्ने
- जिल्लाभित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,
- जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,
- जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,
- जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,
- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालिस दिनभित्र प्रतिवेदन पेश गर्ने,

**४.२. अनुगमन तथा मूल्याङ्कन शाखा**

- विधुतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना र सञ्चालन गर्ने
- नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भईरहेका चालु योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए नभएको तथा सेवाको गुणस्तर परिणाम र समय कायम भए नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,
- स्थानीय तहहरुबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय, वित्तिय व्यवस्थापन तथा प्रभावकारिताको विषय, सुशासन प्रवर्द्धनको विषय, पदाधिकारीबीचको सुमधुर अन्तरसम्बन्धको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिने,

- कानुन बमोजिम गाउँसभा, नगरसभा संचालन भए नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,
- जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुमा स्थानगत, विषयगत, क्षेत्रगत लगायतको सन्तुलन भए नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने।

## ५. जिल्ला समन्वय समितिका शाखा र जिम्मेवार अधिकारी

### ५.१. पदाधिकारीहरुको विवरण

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला समन्वय समिति | श्री नबराज अधिकारी | ९८६१७२९०३६ |
| २ | उप प्रमुख | श्री कुलमान विश्वकर्मा | ९८४१७१७७६२ |
| ३ | सदस्य | श्री राम प्रसाद रिजाल | ९८४९१८५६८० |
| ४ | सदस्य | श्री रविन्द्रजंग विजयतारा तामाङ | ९८४१९७२७२२ |
| ५ | सदस्य | श्री उत्तम घले | ९८५१२२९६३७ |
| ६ | सदस्य | श्री ईश्वर के.सी. | ९८४१७२८६७० |
| ७ | सदस्य | श्री बिन्दा वि.क. | ९८६९६३२०६४ |
| ८ | सदस्य | श्री कविता वि.क. परियार | ९८४०३४२५०६ |
| ९ | सदस्य | श्री सुकमाया सुनार | ९८६९४१२१२४ |

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

### ५.२. कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | सूर्य प्रसाद उपाध्याय | ९८५१२५००२३ |
| २ | शाखा अधिकृत | प्रभा आले मगर | ९८५१३३६४४१ |
| ३ | ईन्जिनियर | गुलाब साहु | |
| ४ | नायब सुब्बा | नबराज शाही | |
| ५ | लेखापाल | राकेश कुमार रावत | |
| ६ | खरिदार | कन्चन परियार | |
| ७ | कार्यालय सहयोगी | दीपकराज कोईराला | ९८४१०६५०४० |
| ८ | कार्यालय सहयोगी | राधा अधिकारी | |
| ९ | कार्यालय सहयोगी | अशोक अधिकारी | |
| १० | ह.स.चा. | छन्द बहादुर थापा | ९८४१२७३५९१ |
| ११ | ह.स.चा. | कृष्ण प्रसाद भट्ट | |
| १२ | स्वकीय सचिव | फूलमाया तामाङ | |

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङबेशी

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

| सेवाको किसिम | सेवा प्राप्त गर्न लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने अवधि |
|---|---|---|
| सूचना | प्रचलित कानूनबमोजिम | सूचनाको प्रकृति बमोजिम |
| सिफारिस | निःशुल्क | सिफारिसको प्रकृति बमोजिम |
| प्राविधिक परीक्षण | जि.स.स. र पूर्वाधार विकास कार्यालयले तोकेबमोजिम | आवश्यकता अनुसार |
| कार्यक्रम सञ्चालनका लागि हलको व्यवस्था | जि.स.स.ले तोकेबमोजिम | आवश्यकता अनुसार |

## नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## जिल्ला समन्वय समितिको कार्यालय

## धादिङ, धादिङवेशी

### नेपाल सरकार
### सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# जिल्ला समन्वय समितिको कार्यालय, धादिङ
### बागमती प्रदेश, नेपाल

**नागरिक वडापत्र (Citizen Charter)**

| क्र.सं. | सेवा सुविधाको नाम | आवश्यक पर्ने कागजातहरु | सेवा प्रदान गर्ने अधिकारी | लाग्ने दस्तुर | लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने । | सम्बन्धित विषयमा आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | आवश्यकता अनुसार | |
| २ | विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्ने । | सम्बन्धित विषयमा आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ३ | जिल्लामा रहने संघीय र प्रदेश कार्यालय र स्थानीय तहबीच समन्वय गर्ने । | सम्बन्धित विषयमा आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४ | प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिले गर्नु पर्ने कार्यहरु निम्नानुसार रहेका छन् । | | | | | |
| ४.१ | जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणको विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने । | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | आवश्यकता अनुसार | |
| ४.२ | जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने । | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४.३ | जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको समता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने । | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४.४ | जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने । | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४.५ | जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय र सहजिकरण गर्ने | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४.६ | जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने । | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४.७ | जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने । | सम्बन्धित कानुनले तोकेको आवश्यक कागजातहरु | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## जिल्ला समन्वय समितिको कार्यालय

## धादिङ, धादिङवेशी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.८ | जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकासँग समन्वय गर्ने। | कानून अनुसार | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ४.९ | जिल्लाभित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको अन्तिमा एकपटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रस्तुत गर्ने । | कानून अनुसार | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | | |
| ५ | ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार गठन भएको जिल्ला अनुगमन समितिको कामकाज गर्ने । | मापदण्ड अनुसार | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | आवश्यकता अनुसार | |
| ६ | जि.स.स. भौज्दात कोष सञ्चालन निर्देशिका २०७४ बमोजिम कार्यक्रम व्यवस्थापन समितिले तोकेको कामकाज गर्ने । | निर्देशिका अनुसार | प्रमुख, उपप्रमुख, जि.स.अधिकारी | | आवश्यकता अनुसार | |

उल्लेखित वडापत्रमा भएका कार्यमा नरहेका विभिन्न कानून बमोजिम जिम्मेवारी तोकिएका कार्यको हकमा कानून अनुसार नै हुने छ । साथै कार्यालयको सेवा प्रवाह तथा समन्वय सम्बन्धमा केही बुझ्न परेमा जिल्ला समन्वय अधिकारीको सम्पर्क नम्बर ९८५१२१००२३ वा ईमेल ठेगाना info@dccdhading.gov.np रहेको छ ।

### ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

| | |
|---|---|
| निर्णय गर्ने प्रकृया | सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम |
| निर्णय गर्ने अधिकारी | तोकिएको समितिको बैठकबाट, जिल्ला समन्वय प्रमुख, जिल्ला समन्वय अधिकारी |
| निर्णय गर्ने बैठक | जिल्ला सभा र समितिको बैठक |

### ८. निवेदन उपर उजुरी सुन्ने अधिकारी

प्रमुख, जिल्ला समन्वय समितिः श्री नबराज अधिकारी

जिल्ला समन्वय अधिकारीः श्री सूर्य प्रसाद उपाध्याय

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

९. जि.स.स.द्वारा सम्पादित मुख्य कार्यहरुको विवरण

| क्र.सं. | मिति | स्थान | विवरण |
|---|---|---|---|
| १. | २०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म (७ वटा) | जिल्ला समन्वय समिति, धादिङ | जि.स.स. बोर्ड बैठक सम्पन्न भई विभिन्न समसामयिक विषयहरुमा समय सान्दर्भिक निर्णयहरु गरियो। |
| २. | २०८३/०१/१४ | जिल्ला समन्वय समिति, धादिङ | "गाउँपालिका तथा नगरपालिका र वडाको सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड,२०८३" को कार्यान्वयनको सम्बन्धमा छलफल। |
| ३. | २०८३/०२/१३ | जिल्ला समन्वय समितिको सभाहाल, धादिङ | धादिङ जिल्लाभित्रका स्थानीय तहहरु तथा अन्य सरोकारवाला निकायहरुको सहभागितामा **बहुक्षेत्रीय पोषण कार्यक्रमको समिक्षा कार्यक्रम** सम्पन्न गरियो। |

| | | | |
|---|---|---|---|
| ४. | २०८३/०३/१-२०८३/०३/०५ | नेत्रावती डबजोङ गाउँपालिका र खनियाबास गाउँपालिका | जि.स.स.का पदाधिकारी तथा कर्मचारीहरुद्धारा सम्बन्धित पालिकाहरुमा **बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको अवस्थाको** अनुगमनका क्रममा छलफल तथा अन्तरक्रियाको माध्यमबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलन गरि प्रतिवेदन तयार गरियो। |
| ५. | २०८३/०३/०८ | श्री चण्डेश्वरी मा.वि,नीलकण्ठ न.पा.-९,धादिङ। | **"सामाजिक कुरीति विरुद्ध विद्यालयस्तरीय जनचेतनामूलक कार्यक्रम,२०८३"** सम्पन्न गरियो |
| ६. | २०८३/०३/१२ | जिल्ला समन्वय समिति, धादिङको सभाहल | धादिङ जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु, प्रत्येक स्थानीय तहको वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख वा जिम्मेवार सम्पर्क व्यक्ति र सम्पूर्ण वडाहरुबाट सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | | | वडाभित्र विपद् व्यवस्थापन र वातावरण सम्बन्धी जिम्मेवार बहन गर्ने गरी कार्यजिम्मेवारी प्राप्त कुनै एक वडा सदस्यको सक्रिय सहभागितामा **"स्थानीय स्तरमा विपद् व्यवस्थापन र वातावरणसम्बन्धी अन्तरक्रिया कार्यक्रम, २०८३"** सम्पन्न गरियो। |
| ७. | २०८३/०३/१६देखि २०८३/०३/१९ सम्म | बेनीघाट रोराङ गाउँपालिका र गजुरी गाउँपालिका | जि.स.स.का पदाधिकारी तथा कर्मचारीहरुद्धारा **बहुक्षेत्रीय पोषण कार्यक्रमको** अनुगमन गरी सम्बन्धित पालिकामा सो सम्बन्धी छलफल तथा तथ्याङ्कहरु संकलन पश्चात प्रतिवेदन तयार गरिएको। |
| ८. | २०८३/०३/१९ | नीलकण्ठ नगरपालिका-१२ नं.वडा कार्यालयको सभाहल | **"ज्येष्ठ नागरिकसँग एकदिवसीय अन्तरक्रिया कार्यक्रम, २०८३"** सम्पन्न गरियो। |

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

**१०. सूचना अधिकारीको विवरण**

नाम, पदः प्रभा आले मगर, शाखा अधिकृत

सम्पर्क नम्बरः ९८५१३३६४४१

**११. ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- सुचनाको हक सम्बन्धी ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०६४ तथा नियमावली,२०६५
- जिल्ला सभा ऐन, २०७५
- जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५
- बागमती प्रदेशको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि,२०७५
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७
- वातावरण संरक्षण ऐन,२०७६ तथा नियमावली,२०७७
- बागमती प्रदेशको वातावरण संरक्षण ऐन,२०७७ लगायतका अन्य प्रचलित कानूनहरु।

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

धादिङ, धादिङवेशी

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

प्रदेश सरकार, बागमती प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्र.ले.नि.का.,धादिङ
जिल्ला समन्वय समिति धादिङ
कार्यालय कोड नं.: ३०१००३००१३
**अख्तियारी तथा रकमान्तर**

आर्थिक वर्ष: २०८२/८३

बजेट उपशीर्षक नम्बर: ३०१०००११३
आयोजना/कार्यक्रमको नाम: 301000113-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| खर्च शिर्षक/कम्पोनेन्ट | दातृ पक्ष/स्रोत/किसिमकार | ब. रकम (रु.) | रोक्का रकम (रु.) | रकमान्तर (रु.) | | अन्तिम बजेट (रु.) | अन्तिम बजेट (रोक्का बाहेक) |
|---|---|---|---|---|---|---|---|
| | | | | र. थप (रु.) | र. घट (रु.) | | |
| 22211-इन्धन (पदाधिकारी) | | २५०,०००.०० | ०.०० | ०.०० | ९५,०००.०० | १५५,०००.०० | १५५,०००.०० |
| | 1100001-नेपाल सरकार | २५०,०००.०० | ०.०० | ०.०० | ९५,०००.०० | १५५,०००.०० | १५५,०००.०० |
| | 01-नगद | २५०,०००.०० | ०.०० | ०.०० | ९५,०००.०० | १५५,०००.०० | १५५,०००.०० |
| | 2.2.1.7-ईन्धन पदाधिकारी | २५०,०००.०० | -९५,०००.०० | ०.०० | ९५,०००.०० | २५०,०००.०० | १५५,०००.०० |
| | 2.2.1.7-ईन्धन पदाधिकारी | ०.०० | ९५,०००.०० | ०.०० | ०.०० | -९५,०००.०० | ०.०० |
| 22212-इन्धन (कार्यालय प्रयोजन) | | ४००,०००.०० | ०.०० | ०.०० | १२०,०००.०० | २८०,०००.०० | २८०,०००.०० |
| | 1100001-नेपाल सरकार | ४००,०००.०० | ०.०० | ०.०० | १२०,०००.०० | २८०,०००.०० | २८०,०००.०० |
| | 01-नगद | ४००,०००.०० | ०.०० | ०.०० | १२०,०००.०० | २८०,०००.०० | २८०,०००.०० |
| | 2.2.2.17-ईन्धन कार्यालय प्रयोजन | ४००,०००.०० | -१२०,०००.०० | ०.०० | १२०,०००.०० | ४००,०००.०० | २८०,०००.०० |
| | 2.2.2.17-ईन्धन कार्यालय प्रयोजन | ०.०० | १२०,०००.०० | ०.०० | ०.०० | -१२०,०००.०० | ०.०० |
| 22213-सवारी साधन मर्मत खर्च | | ५००,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० | ३५०,०००.०० | ३५०,०००.०० |
| | 1100001-नेपाल सरकार | ५००,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० | ३५०,०००.०० | ३५०,०००.०० |
| | 01-नगद | ५००,०००.०० | ०.०० | ०.०० | १५०,०००.०० | ३५०,०००.०० | ३५०,०००.०० |
| | 2.3.1.4-सवारी साधन मर्मत | ५००,०००.०० | -१५०,०००.०० | ०.०० | १५०,०००.०० | ५००,०००.०० | ३५०,०००.०० |
| | 2.3.1.4-सवारी साधन मर्मत | ०.०० | १५०,०००.०० | ०.०० | ०.०० | -१५०,०००.०० | ०.०० |
| 22221-मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 1100001-नेपाल सरकार | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 01-नगद | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 2.3.2.10-मेशिनरी तथा औजार मर्मतसम्भार तथा सञ्चालन खर्च | २००,०००.०० | -६०,०००.०० | ०.०० | ६०,०००.०० | २००,०००.०० | १४०,०००.०० |
| | 2.3.2.10-मेशिनरी तथा औजार मर्मतसम्भार तथा सञ्चालन खर्च | ०.०० | ६०,०००.०० | ०.०० | ०.०० | -६०,०००.०० | ०.०० |
| 22311-मसलन्द तथा कार्यालय सामग्री | | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 1100001-नेपाल सरकार | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 01-नगद | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 2.4.1.2-मसलन्द र कार्यालय सामग्री | २००,०००.०० | -६०,०००.०० | ०.०० | ६०,०००.०० | २००,०००.०० | १४०,०००.०० |
| | 2.4.1.2-मसलन्द र कार्यालय सामग्री | ०.०० | ६०,०००.०० | ०.०० | ०.०० | -६०,०००.०० | ०.०० |
| 22315-पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 1100001-नेपाल सरकार | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 01-नगद | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | १४०,०००.०० | १४०,०००.०० |
| | 2.4.12.8-पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २००,०००.०० | -६०,०००.०० | ०.०० | ६०,०००.०० | २००,०००.०० | १४०,०००.०० |
| | 2.4.12.8-पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ०.०० | ६०,०००.०० | ०.०० | ०.०० | -६०,०००.०० | ०.०० |
| 22522-कार्यक्रम खर्च | | १,८५०,०००.०० | ०.०० | ०.०० | ४५०,०००.०० | १,४००,०००.०० | १,४००,०००.०० |
| | 1100001-नेपाल सरकार | १,८५०,०००.०० | ०.०० | ०.०० | ४५०,०००.०० | १,४००,०००.०० | १,४००,०००.०० |
| | 01-नगद | १,८५०,०००.०० | ०.०० | ०.०० | ४५०,०००.०० | १,४००,०००.०० | १,४००,०००.०० |
| | 2.7.25.233-[illegible] | ५५,०००.०० | -३,५००.०० | ०.०० | ३,५००.०० | ५५,०००.०० | ५१,५००.०० |
| | 2.7.25.233-[illegible] | ०.०० | ३,५००.०० | ०.०० | ०.०० | -३,५००.०० | ०.०० |
| | 2.7.25.4-[illegible] | २००,०००.०० | -६०,०००.०० | ०.०० | ६०,०००.०० | २००,०००.०० | १४०,०००.०० |
| | 2.7.25.4-[illegible] | ०.०० | ६०,०००.०० | ०.०० | ०.०० | -६०,०००.०० | ०.०० |
| | 2.7.25.483-[illegible] | १००,०००.०० | -३०,०००.०० | ०.०० | ३०,०००.०० | १००,०००.०० | ७०,०००.०० |
| | 2.7.25.483-[illegible] | ०.०० | ३०,०००.०० | ०.०० | ०.०० | -३०,०००.०० | ०.०० |
| | 2.7.25.80-[illegible] | ३५०,०००.०० | -१०५,०००.०० | ०.०० | १०५,०००.०० | ३५०,०००.०० | २४५,०००.०० |
| | 2.7.25.80-[illegible] | ०.०० | १०५,०००.०० | ०.०० | ०.०० | -१०५,०००.०० | ०.०० |
| | 2.7.34.102-[illegible] | १६०,०००.०० | -५५,०००.०० | ०.०० | ५५,०००.०० | १६०,०००.०० | १०५,०००.०० |

Printed By: [illegible]    Printed Date: Dec 28, 2025 02:35 PM

# नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## जिल्ला समन्वय समितिको कार्यालय
## धादिङ, धादिङवेशी

| खर्च पत्र/स्रोत/कियाकलाप | ब. रकम (रु.) | रोक्का रकम (रु.) | रकमान्तर (रु.) | | अन्तिम बजेट (रु.) | अन्तिम बजेट (रोक्का बाहेक) |
|---|---|---|---|---|---|---|
| | | | र. थप (रु.) | र. घट (रु.) | | |
| 2.7.34.100-जिल्ला सुचना र अभिलेख केन्द्र सञ्चालन तथा व्यवस्थापन तथा डिजिटल | ०.०० | ४५,०००.०० | ०.०० | ०.०० | -४५,०००.०० | ०.०० |
| 2.7.34.107-राष्ट्रिय प्रजातन्त्र दिवस, संविधान दिवस, महिला अधिकार सम्बन्धी दिवस कार्यक्रम | १००,०००.०० | -३०,०००.०० | ०.०० | ३०,०००.०० | १००,०००.०० | ३०,०००.०० |
| 2.7.34.107-राष्ट्रिय प्रजातन्त्र दिवस, संविधान दिवस, महिला अधिकार सम्बन्धी दिवस कार्यक्रम | ०.०० | ३०,०००.०० | ०.०० | ०.०० | -३०,०००.०० | ०.०० |
| 2.7.34.137-जिल्ला समन्वय सम्बन्धित विकास कार्यक्रमको अनुगमन तथा निरीक्षण | ३५०,०००.०० | -१०५,०००.०० | ०.०० | १०५,०००.०० | ३४०,०००.०० | २४५,०००.०० |
| 2.7.34.137-जिल्ला समन्वय सम्बन्धित विकास कार्यक्रमको अनुगमन तथा निरीक्षण | ०.०० | १०५,०००.०० | ०.०० | ०.०० | -१०५,०००.०० | ०.०० |
| 2.7.34.18-लैङ्गिक हिंसा विरुद्ध अभियान र अनुगमन | २२५,०००.०० | -६३,५००.०० | ०.०० | ६३,५००.०० | २२५,०००.०० | १६१,५००.०० |
| 2.7.34.18-लैङ्गिक हिंसा विरुद्ध अभियान र अनुगमन | ०.०० | ६३,५००.०० | ०.०० | ०.०० | -६३,५००.०० | ०.०० |
| 2.7.34.99-प्रदेश स्तरीय अन्तरक्रिया तथा समन्वय बैठक | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० | ३५०,०००.०० |
| | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| 22611-अनुगमन, मूल्यांकन खर्च | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| 1100001-नेपाल सरकार | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| 01-नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| 2.8.1.13-अनुगमन मूल्यांकन र भ्रमण खर्च | २००,०००.०० | -१००,०००.०० | ०.०० | ०.०० | -१००,०००.०० | ०.०० |
| 2.8.1.13-अनुगमन मूल्यांकन र भ्रमण खर्च | ०.०० | १००,०००.०० | ०.०० | ५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० |
| 22711-विविध खर्च | १००,०००.०० | ०.०० | ०.०० | ५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० |
| 1100001-नेपाल सरकार | १००,०००.०० | ०.०० | ०.०० | ५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० |
| 01-नगद | २००,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | २००,०००.०० | १५०,०००.०० |
| 2.8.9.4-विविध खर्च | १००,०००.०० | -६०,०००.०० | ०.०० | ०.०० | -६०,०००.०० | ०.०० |
| 2.8.9.4-विविध खर्च | ०.०० | ६०,०००.०० | ०.०० | १,१९५,०००.०० | २,८६५,०००.०० | २,८६५,०००.०० |
| कुल जम्मा | ४,०००,०००.०० | ०.०० | ०.०० | | | |

Printed By: rakeshajos

Printed Date: Dec 28, 2025 02:25 PM

## १३. जिल्ला समन्वय समितिको वेभसाईट

कार्यालयको सम्पर्क विवरण

Website: www.dccdhading.gov.np

Email: dhadingdcc@gmail.com/info@dccdhading.gov.np

टेलिफोनः (+९७७)-०१०-५२०१४४

ठेगानाः नीलकण्ठ नगरपालिका, वडा नं. ०३, धादिङवेशी, धादिङ, बागमती प्रदेश

## नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## जिल्ला समन्वय समितिको कार्यालय

## धादिङ, धादिङवेशी

### १४.जिल्ला समन्वय समिति, धादिङद्वारा सम्पादित कार्यहरु सम्बन्धित केही तस्बीरहरु




बहुक्षेत्रीय पोषण समिक्षा कार्यक्रमको सम्पन्न पश्चात लिईएको सामुहिक तस्बिर




नीलकण्ठ न.पा.-०९ को चण्डेश्वरी मा.वि. मा सामाजिक कुरीति विरुद्ध विद्यालयस्तरीय जनचेतनामूलक कार्यक्रमको सम्पन्न पश्चात लिईएको सामुहिक तस्बिर